# नेपाल सरकारका प्रधानमन्त्री समक्ष पेश गरिएको नागरिकता सम्बन्धी निवेदन पत्र
# र
# नागरिकता विधेयकको मस्यौदा, २०७९

बोधार्थ

१. राष्ट्रपतिको कार्यालय, शितल निवास, काठमाडौं ।

२. उपराष्ट्रपतिको कार्यालय, बहादुर भवन, काठमाडौं ।

३. सभामुख, प्रतिनिधि सभा, सिंहदरबार, काठमाडौं ।

४. अध्यक्ष, राष्ट्रिय सभा, सिंहदरबार, काठमाडौं ।

५. गृहमन्त्री, नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

६. संघीय संसदमा प्रतिनिधित्व गरेका र नगरेका सबै राजनीतिक दलहरु ।

७. सरोकारवाल विभिन्न मन्त्रालय, आयोग र संघ संस्थाहरु ।

निवेदक

सत्य र न्यायको खोजी अभियान

नयाँ बानेश्वर, काठमाडौं

९ माघ २०७९

# नेपालको नागरिकता कानूनको कुन कुन प्रावधानमा विवाद छ ?

१. नेपालको संविधान (२०७२) मा नागरिकताका सम्बन्धमा राष्ट्रिय हित विरुद्धका प्रावधान के के छन् र त्यसको कारणले विवाद भएको छ ?

२. नेपाल नागरिकता ऐन, २०६३ का मा कुन कुन प्रावधान राष्ट्रिय हित विरुद्धमा छन् र त्यसको कारणले विवाद भएको छ ?

३. नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न विगतमा प्रस्तावित विधेयकका कुन कुन प्रावधान राष्ट्रिय हित विरुद्धमा थिए, जसको कारणले विवाद थियो/छ ?

विवादहरु

(क) जन्मको आधारमा नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानलाई नागरिकता दिने सम्बन्धी विवादः

(ख) आमा भएका तर बाबुको पहिचान नभएका व्यक्तिलाई नागरिकता प्रदान गर्ने सम्बन्धी विवादः

(ग) बाबु र आमाको ठेगान नभएका व्यक्तिलाई नागरिकता प्रदान गर्ने सम्बन्धी विवादः

(घ) विदेशी पुरुषसँग विवाह गरेकी नेपाली नागरिक महिलाका सन्तानलाई नागरिकता प्रदान गर्ने सम्बन्धी विवादः

(ङ) नेपाली नागरिक पुरुषसँग विवाह गरेर आउने विदेशी महिलालाई नागरिकता प्रदान गर्ने सम्बन्धी विवादः

# नेपालको नागरिकता कानूनको कुन कुन प्रावधानमा विवाद छ ?

१. नेपालको संविधान (२०७२) मा नागरिकताका सम्बन्धमा के के विवाद छ ?

२. नेपाल नागरिकता ऐन, २०६३ का कुन कुन प्रावधानमा विवाद छ ?

३. नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न विगतमा प्रस्तावित विधेयकका कुन कुन प्रावधानमा विवाद थियो/छ ?

## विवादहरु

## (क) जन्मको आधारमा नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानलाई नागरिकता

| | | |
|---|---|---|
| १ | नेपाल नागरिकता ऐन, २०६३ दफा ४ | (१) सम्वत् २०४६ साल चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायीरुपले बसोबास गर्दै आएको व्यक्ति जन्मको आधारमा नेपालको नागरिक हुनेछ।<br>(२) उपदफा (१) बमोजिम नागरिकताको प्रमाण पत्र प्राप्त गर्न चाहने व्यक्तिले संविधान सभाको निर्वाचन हुनु अगावै निवेदन दिने र नागरिकताको प्रमाण पत्र प्राप्त गर्ने व्यवस्था तोकिएबमोजिम हुनेछ।<br>(३) उपदफा (२) बमोजिमको समयावधिभित्र विशेष कारणवश निवेदन दिन नसक्ने व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले दुई वर्ष भित्र तोकिएबमोजिम निवेदन दिन सक्नेछ। |
| २. | नेपालको अन्तरिम संविधान, २०६३ धारा ८ (५) | संवत् २०४६ चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रुपले बसोबास गर्दै आएको व्यक्तिले प्रचलित कानूनबमोजिम जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।<br>तर यस व्यवस्था अन्तर्गत नागरिकता प्राप्त गर्न प्रचलित कानूनमा व्यवस्था भए बमोजिम एक पटकको लागि तोकिएको अवधि भित्र निवेदन दिई सकेको हुनु पर्नेछ। |
| ३. | मौजुदा व्यवस्थाः नेपालको संविधान (२०७२) को धारा ११ को उपधारा (३) | यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ। |
| ४. | नेपाल नागरिकता ऐन, २०६३ मा यस सम्बन्धी व्यवस्था नभएको | |
| ५. | नेपाल नागरिकता ऐन, २०६३ संशोधन गर्न २०७९ को विधेयकमा गरिएको प्रस्ताव | संवत् २०७२ साल असोज ३ गतेभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निजको उमेर सोह्र वर्ष पूरा भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ। |
| ६. | हाम्रो तर्फबाट संशोधन प्रस्ताव | संवत् २०७२ साल असोज ३ गतेभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निजको उमेर सोऱ्ह वर्ष पूरा भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ। |
| **स्पष्टीकरणः** दुई वटा शर्तहरु थपिएका छन् : (क) निजको जन्म नेपाल भित्र भई,<br>(ख) नेपालमा स्थायी बसोबास गरी रहेको छ | | |

# (ख) आमा भएका तर बाबुको पहिचान नभएका व्यक्तिलाई नागरिकता

| | | |
|---|---|---|
| १ | मौजुदा व्यवस्था : नेपालको संविधान (२०७२) को धारा ११ (५) मा भएको व्यवस्था | नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ।<br>तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानून बमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछ। |
| | नेपाल नागरिकता ऐन, २०६३ मा यस सम्बन्धी व्यवस्था नभएको | |
| २ | नेपाल नागरिकता ऐन, २०६३ संशोधन गर्न २०७९ को विधेयकमा गरिएको प्रस्ताव | नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।<br><br>(७) उपदफा (५) बमोजिम नागरिकता प्राप्त गरेको कुनै व्यक्तिको बाबु विदेशी रहेको ठहरेमा त्यस्तो व्यक्तिले वंशजको आधारमा लिएको नागरिकता कायम रहने छैन र निजले बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको भनी तोकिए बमोजिम स्वघोषणा गरी वंशजको आधारमा प्राप्त गरेको नागरिकताको प्रमाणपत्र बुझाएमा अङ्गिकृत नागरिकता प्राप्त गर्नेछ। |
| ३ | हाम्रो तर्फबाट संशोधन प्रस्ताव | (६) वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नेपाली नागरिक आमा वा बाबुबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र आमा वा बाबु मध्ये एकजनाको पहिचान हुन नसकेमा त्यस्तो व्यक्तिले जन्मस्थानको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।<br>(७) उपदफा (६) बमोजिम नागरिकता प्राप्त गरेको कुनै व्यक्तिको पहिला पहिचान नभएको बाबु वा आमा पछि नेपाली नागरिक रहेको ठहर भएमा त्यस्तो व्यक्तिले लिएको अङ्गीकृत नेपाली नागरिकता प्रमाणपत्रको विवरण अद्यावधिक गरी वंशजको नागरिकता प्राप्त गर्नेछ। |

# (ग) बाबु र आमाको ठेगान नभएका व्यक्तिलाई नागरिकता

| | | |
|---|---|---|
| १. | मौजुदा व्यवस्थाः नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (३) | नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ। |
| २. | मौजुदा प्रावधानः नेपालको संविधानको धारा ११ को उपधारा (४) | नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ। |
| ३. | नेपाल नागरिकता ऐन, २०६३ संशोधन गर्न २०७९ को विधेयकमा गरिएको प्रस्ताव | नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ र निजले सोह्र वर्ष उमेर पूरा भएपछि वंशजको आधारमा नेपालको नागरिकता लिन सक्नेछ।<br>(८) उपदफा (३) बमोजिम नागरिकता प्राप्त गरेको व्यक्तिको बाबु वा आमा पत्ता लागेमा निजले प्राप्त गरेको नागरिकता सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछः-<br>(क) यस ऐन बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त हुने भएमा सोही बमोजिमको विवरण अद्यावधिक गरी निजको नागरिकता कायम गर्ने,<br>(ख) यस ऐन बमोजिम नेपालको अङ्गिकृत नागरिकता प्राप्त हुने भएमा निजले वंशजको आधारमा प्राप्त गरेको नागरिकता खिची निजलाई अङ्गिकृत नागरिकता प्रदान गर्ने। |
| ४. | हाम्रो संशोधन प्रस्ताव | नेपालभित्र करीब तीन वर्षको उमेरमा फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म नेपालको अङ्गीकृत नागरिक मानिनेछ र निजले सोऱ्ह वर्ष उमेर पूरा भएपछि नेपालको अङ्गीकृत नागरिकता लिन सक्नेछ।<br>(४) उपदफा (३) बमोजिम नागरिकता प्राप्त गरेको व्यक्तिको बाबु र आमा दुवै जना पत्ता लागेमा निजले प्राप्त गरेको नागरिकता सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछः-<br>(क) निजका बाबु र आमा दुवै जना नेपाली नागरिक ठहरिएमा सोही बमोजिम विवरण अद्यावधिक गरी निजको नागरिकताको प्रमाण पत्र वंशजको कायम गर्ने,<br>(ख) निजका बाबु र आमा दुवै जना विदेशी नागरिक भएको ठहर भएमा निजले प्राप्त गरेको नागरिकता खारेज गर्ने। |

## (घ) विदेशी पुरुषसँग विवाह गरेकी नेपाली नागरिक महिलाका सन्तानलाई नागरिकता

| | | |
|---|---|---|
| १. | मौजुदा व्यवस्थाः नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ (२) | विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिए बमोजिम अङ्गीकृत नागरिकता प्रदान गर्न सकिनेछ। |
| २. | मौजुदा व्यवस्थाः नेपालको संविधान (२०७२) को धारा ११ को उपधारा (७) | यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ। |
| ३. | नेपाल नागरिकता ऐन, २०६३ संशोधन गर्न २०७९ को विधेयकमा गरिएको प्रस्ताव | मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को,- उपदफा (२) मा रहेका "निजको नेपालमा जन्म भई" भन्ने शब्दहरु झिकिएका छन्। |
| ४. | हाम्रो तर्फबाट संशोधन प्रस्ताव | वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेकी नेपाली नागरिक महिलाले विदेशी नागरिकसँग विवाह गरी जन्मिएको सन्तानको हकमा निज सन्तानको जन्म नेपालमा भई नेपालमा स्थायी बसोबास गरी रहेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्न सकिनेछ। |

## (ङ) नेपाली नागरिक पुरुषसँग विवाह गरेर आउने विदेशी महिलालाई नागरिकता

| | | |
|---|---|---|
| १. | मौजुदा व्यवस्थाः नेपालको संविधान (२०७२) | नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ। |
| २. | मौजुदा व्यवस्थाः नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ (१) मा भएको प्रावधान | नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तोकिएको अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ। त्यसरी निवेदन दिँदा नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफुले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पनि साथै पेश गर्नु पर्नेछ। |
| ३. | नेपाल नागरिकता ऐन, २०६३ संशोधन गर्न २०७९ को विधेयकमा गरिएको प्रस्ताव | राज्यव्यवस्था तथा सुशासन समितिको प्रतिवेदनमा सात वर्ष हुनुपर्ने सिफारिस गरिएको थियो।<br><br>तर संघीय संसदबाट पारित भएको विधेयकमा कुनै प्रावधान नराखिएको। |
| ४. | हाम्रो तर्फबाट गरिएको संशोधन प्रस्ताव | नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले नेपालको अङ्गीकृत नेपाली नागरिकता लिन चाहेमा वैवाहिक सम्बन्ध कायम भई, विवाह दर्ता भएपछि नेपालमा निरन्तर पाँच वर्षसम्म स्थायी बसोवास गरेपछि तोकिएबमोजिम लिइने परीक्षा उतिर्ण गरी, र तोकिएबमोजिम शपथ ग्रहण गरी निजले नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ। |

मितिः २०७९/१०/०९

सम्माननीय प्रधानमन्त्री ज्यू,
प्रधानमन्त्रीको कार्यालय, सिंहदरबार, काठमाडौं, नेपाल।

विषय : **राष्ट्रियता सम्बन्धी विषयमा माग पत्र तथा नागारिकता कानून संशोधन विधेयकको मस्यौदा पेश गरिएको सम्बन्धमा।**

सम्माननीय ज्यू,

नागरिकतासँग राज्यको भौगोलिक अखण्डता, सार्वभौमिकता, स्वाधीनता, राजनीतिक स्वतन्त्रता तथा आर्थिक अवस्थाको सम्बन्ध जोडिएको हुन्छ। नागरिकता राज्य र राज्यका निवासी दुवै तहका लागि गम्भीर विषय हो। नेपालमा नागरिकतालाई शासक वर्गले गम्भीर रुपमा लिनुको बदला केवल सत्ता स्वार्थसँग जोडेर मात्र लिएको कुरा समय समयमा भएका राजनीतिक परिवर्तन, सोसँगै जोडिएर आएका नागरिकता कानून र गठन भएका आयोगहरुले देखाउँदछन्। नागरिकता सम्बन्धमा विगतमा संशोधन भएका कानून तथा आयोगको काम कारबाहीको अध्ययन गर्दा, यस सम्बन्धमा शासकवर्गको सतही दृष्टिकोण छर्लङ्ग हुन्छ। उनीहरुले राष्ट्रिय हितलाई केन्द्रमा राखेर नागरिकता कानूनलाई बुझ्ने प्रयास गरेको पाइएन। जसको परिणामस्वरुप नेपालमा नागरिकता समस्या नेपालको भौगोलिक अवस्थिति, भूराजनीतिक अवस्था, आर्थिक अवस्था तथा अव्यवस्थित सिमानालाई मध्यनजर गरी  वैज्ञानिक तथा तार्किक किसिमले समाधान गर्ने प्रयास हुन सकेको देखिएन। यसको सट्टा सत्ता प्राप्तिको साधनको रुपमा नागरिकता कानून प्रयोग भई लामो समयदेखि विवादित विषय बन्न पुगेको छ।

राणा शासनको अन्त्यतिर सम्वत् २००४ सालमा बनाइएको नेपालको पहिलो संविधान मानिएको नेपाल सरकार वैधानिक कानूनमा र सम्वत् २००७ सालमा प्रजातन्त्रको बहाली पछि बनेको नेपालको अन्तरिम शासन विधान, २००७ मा नागरिकताले स्थान नै पाएन। यसको तात्पर्य तत्कालीन शासक वर्गलाई नागरिकताको मूल्य मान्यताको बारेमा ज्ञान नै थिएन भन्ने बुझ्न सकिन्छ। यसपछि सम्वत् २००९ मा बनेको नेपाली नागरिकता ऐन केवल ऐन मात्र थियो, जसअनुसार कुनै पनि विदेशीले सजिलै नेपालको नागरिकता प्राप्त गर्न सक्दथ्यो। तत् पश्चात् सम्वत् २०१५ सालमा बनेको नेपाल अधिराज्यको संविधानमा पनि नागरिकताले स्थान नपाएको अवस्थालाई नियाल्दा त्यस समयका शासक वर्ग नागरिकता भन्ने विषयप्रति गम्भीर थिएनन् भन्ने थप पुष्टि हुन्छ। सम्वत् २०१७ सालको राजनीतिक परिवर्तन पछि बनेको नेपालको संविधान, २०१९ मा नागरिकता सम्बन्धी प्रावधान  र त्यसपछि बनेको नेपाल नागरिकता ऐन, २०२०  देशको परिस्थिति सुहाउँदा नै भएतापनि केही विषयमा अति कठोर प्रावधान थिए। यसैगरी सम्वत् २०३७ सालको जनमत सङ्ग्रहपछि नागरिकता कानूनमा संशोधन गरी

वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गर्न ५ वर्ष पर्खनु पर्ने अवधिलाई हटाई विवाह हुने बित्तिकै नागरिकता पाउने कानूनी व्यवस्था गरियो । जुन नेपालको राष्ट्रिय हित अनुकुल थिएन ।

सम्वत् २०४६ सालमा लोकतन्त्रको पुनः बहालीपछि नेपालको नागरिकता कानूनलाई खुकुलो बनाउने प्रयास पटक पटक भयो । नेपाल नागरिकता नियमावली, २०२५ खारेज गरी नेपाल नागरिकता नियमावली, २०४९ जारी गरियो । यो नियमावलीमा नागरिकता प्रदान गर्ने केही प्रावधान नेपाल नागरिकता ऐन, २०२० को मात्र विरुद्धमा थिएनन्, नेपालको राष्ट्रिय हित विरुद्ध थिए । नेपाल नागरिकता नियमावली, २०४९ को नियम ३ को उपनियम (४) मा देहायबमोजिमका प्रावधान राखिएका थिए :

(क) संवत् २०३७ सालमा भएको जनमत संग्रहको लागि तयार गरिएको मतदाता नामावलीमा नाम समावेश भएको,

(ख) संवत् २०३२ सालमा खटिएको नागरिकता टोलीको लगतमा नाम समावेश भएको,

(ग) नेपाल अधिराज्यभित्र कुनै सरकारी वा स्वामित्वमा रहेको संस्थामा अविच्छिन्न सेवा गरिरहेका वा सेवा गरी अवकाश प्राप्त गरेको ।

नेपाल नागरिकता नियमावली, २०४९ को नियम ३ को उपनियम (४) मा राखिएका यी प्रावधानलाई अदालतले खारेज गऱ्यो । यसपछि नागरिकता समस्या समाधान गर्ने भनी धनपति उपाध्याय, महन्थ ठाकुर र जीतेन्द्र नारायण देवको अध्यक्षतामा आयोगहरु गठन गरिए । समस्याको बस्तुगत अध्ययन गरी समाधानको मार्गमा लानुको बदला राजनीतिक लाभ लिन हजारौं विदेशीलाई नेपालको नागरिकता दिइयो । जसले गर्दा नागरिकताका विषयमा अदालतमा धेरै मुद्दा दर्ता गरिए । अदालतबाट सरकारले वितरण गरेका नागरिकता खारेज पनि गरिए तर कार्यान्वयन हुन सकेन । सम्वत् २०५६ सालमा विदेशीलाई नेपालको नागरिकता वितरण गन सजिलो बनाउने गरी नेपाल नागरिकता ऐन, २०२० लाई छैठौं संशोधन गर्ने प्रयास गरियो । तर अदालतबाट रोकियो ।

सम्वत् २०६२/०६३ पछि नेपाल अधिराज्यको संविधान, २०४७ का नागरिकतासम्बन्धी प्रावधानलाई निलम्बन र नेपाल नागरिकता ऐन, २०२० लाई खारेज गरी नेपाल नागरिकता ऐन, २०६३ जारी गरियो । यो ऐनले आधार वर्ष नै परिवर्तन गऱ्यो । यो नेपालको राष्ट्रिय हितको विरुद्धमा भएको गम्भीर त्रुटि थियो । जसले गर्दा खुकुलो नागरिकता कानून बन्यो, परिणामस्वरुप कानूनी छिद्रको फाइदा उठाई ठूलो सङ्ख्यामा विदेशीले नेपालको नागरिकता लिएका थिए । जसको बाछिटाबाट हामी अझै मुक्त हुन सकेका छैनौं । अहिले पनि नेपालको वास्तविक नागरिकले नेपालको नागरिकता पाउन सकेका छैनन् । हाम्रो सामूहिक अडान हुनु पर्दछ कि नेपालका वास्तवित नागरिक नागरिकता पाउनबाट बञ्चित हुनु हुँदैन, यसका साथसाथै विदेशीले पनि नेपालको नागरिकता पाउँनु हुँदैन । यस विषयमा हामी दृढ र स्पष्ट छौं ।

माथि उल्लेख गरिएको तथ्यबाट जानकारी हुन्छ कि नेपालमा लामो समयदेखि नागरिकता कानून विवादित रहँदै आएको छ । यसो हुनुमा नेपालको भौगोलिक अवस्था अनुकुल वैज्ञानिक तथा तार्किक ढङ्गले नागरिकता कानून बन्न नसक्नु नै हो । सम्वत् २०६३ सालमा जारी भएको नेपाल

नागरिकता ऐन, २०६३ मा नेपालको राष्ट्रिय हित विपरितका स्पष्ट प्रावधान थिए। जसले गर्दा नागरिकता कानून सम्बन्धी  विवाद २०६३ साल भन्दापछि झन बढेर गयो । नागरिकता कानून  विवादित हुनुमा नेपालको नागरिकता कानूनलाई नेपालको राष्ट्रिय हित विपरित बनाउने प्रयास र यस्तो हुन नदिने बीचको सङ्घर्ष थियो । यसै गरी नेपालको संविधान (२०७२) ले पनि राष्ट्रिय हित अनुकुल हुने गरी नागरिकतासम्बन्धी प्रावधान राख्न सकेन ।  नेपालको संविधान (२०७२) जारी भएपछि गठन भएको संघीय व्यवस्थापिकाले २०७५ सालदेखि नागरिकता ऐनमा संशोधनको प्रयास गरेको थियो । तर सो विधेयक सङ्घीय व्यवस्थापिकाबाट दुई दुई पटक पारित भएको भएतापनि राष्ट्रिय हित विपरित थियो भनी जनस्तरको व्यापक विरोध र दवावका कारण सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण नभएको कुरा सबैको जानकारीमा रहेको विषय हो ।

कुनै पनि देशको नागरिकता कानून त्यस देशको राष्ट्रिय हित अनुकुल हुनु पर्ने हो भन्ने विषय निर्विवाद छ। तर नेपालको नागरिकता कानूनमा रहेका कतिपय प्रावधान यस मुलुकको हित अनुकुल नभएको स्पष्ट छ। केही नागरिकता कानून संशोधन नगरी नहुने अवस्था पनि छ। तसर्थ ती आवश्यकता, नागरिकता समस्याा समाधान गर्ने उद्देश्य, लैङ्गिक समानता, तथा राष्ट्रिय हितलाई केन्द्रमा राखेर नेपालको संविधान (२०७२) र नेपाल नागरिकता ऐन, २०६३ मा रहेका संशोधन नगरी नहुने प्रावधानको लीग नेपालको संविधान (२०७२) र नेपाल नागरिकता ऐन, २०६३ संशोधनको लागि नागरिकस्तरबाट विधेयकको मस्यौदा तयार गरी छलफल समेत गर्ने कार्य पूरा गरिएको छ।

अन्त्यमा नेपाल राज्यको भौगोलिक अवस्थिति, भूराजनीतिक अवस्था, आर्थिक अवस्था तथा खुला सिमानाको विषयमा हामी सबै जानकार नै छौं । यी अवस्था र खुला सिमानाको कारणले नेपालको राष्ट्रियता, सार्वभौमिकता, राष्ट्रिय स्वाधीनता तथा नेपाली नागरिकको स्वाभिमान क्रमशः कमजोर हुँदै गएको महसुस हामीले गर्दै आएका छौं । नेपाली जनताको राष्ट्रिय स्वाभिमानलाई मजबुत बनाउनको लागि हामी तपसीलमा उल्लेखित देशभक्त व्यक्तिहरु तपसीलमा लिखित मार्ग चित्र सहितको अवधारणागत माग पत्र प्रस्तुत गर्दै नेपालको नागरिकता कानून (नेपालको संविधान (२०७२) र नेपाल नगारिकता ऐन, २०६३) मा गरिनु पर्ने संशोधनको लागि तयार गरिएको संशोधन मस्यौदा सहित हामी तपसीलमा लेखिएका व्यक्तिहरु, हामीबाट पेश गरिएको  मागको तत्काल कार्यान्वयका लागि तथा संशोधन मस्यौदा अनुरुप नै नागरिकता कानून संशोधनको लागि आग्रह गर्दछौं । नेपाल सरकारले यस विषयलाई गम्भीररुपमा नलिई राष्ट्रियता तथा नागरिकता जस्तो विषयमा लापरबाहीपूण क्रियाकलाप देखाएमा हामी देशभक्त नागरिकहरु कठोर सङ्घर्षका कार्यक्रम तयार गरी सडकमा उत्रन बाध्य हुनेछौं भन्ने ब्यहोरा समेत जानकारी गराउँदछौं ।

**मागहरु**

१. नेपालको नागरिकता समस्याको उचित समाधानको लागि अधिकार सम्पन्न उच्चस्तरीय न्यायिक आयोग अबिलम्ब गठन गर्नका लागि माग गर्दछौं । यस आयोगलाई निम्नलिखित कार्यादेश दिइनु पर्दछ :

(क) नेपालको विवादित नागरिकता प्रकरणलाई तार्किक र बस्तुगत निष्कर्षमा पुऱ्याउनको लागि हालसम्म वितरण गरिएका सबै प्रकारका नागरिकताको बारेमा छानवीन गर्ने । गैर नेपाली नागरिकले अवैध किसिमले लिएका नागरिकता खारेज गर्ने ।

(ख) सम्वत् २०५४ सालमा नागरिकता वितरण टोली मार्फत वितरण गरिएका ३४०९० नागरिकता सर्वोच्च अदालतबाट रद्द गर्ने आदेश भएको थियो । सोसम्बन्धमा सरकारले अदालतको निर्णय कार्यान्वनय नगरेको भन्ने बुझिएको छ । सोसम्बन्धी पनि छानवीन प्रक्रिया अगाडि बढाउने । यसै गरी सर्वोच्च अदालतबाट अन्य समयमा पनि खारेज गर्न आदेश दिएका नागरिकताको अध्ययन गरी खारेज गर्ने ।

(ग) २०६३ साल भन्दा पछि जन्मस्थानको आधारमा वितरण गरिएका नागरिकता तथा वंशजको नागरिकता पनि गैर नेपाली नागरिकले पनि लिएको भन्ने दावी जनस्तरबाट गरिदै आएको छ । सोसम्बन्धमा पनि छानवीन गर्ने । गैर नेपाली नागरिकले लिएको नेपालको नागरिकता खारेज गर्ने ।

(घ) नागरिकता नभएको कारणले विभिन्न समस्या भोगी रहेका  वास्तविक नेपाली नागरिकलाई निजका सबै गतिविधि सहज बनाउनको लागि तत्काल वैकल्पिक व्यवस्थाको प्रबन्ध पनि यस आयोगले नै गर्ने । उच्चस्तरीय नागरिकता छानबीन आयोगले अध्ययन पूरा गरेपछि नागरिकता पाउन योग्यहरुलाई नागरिकता दिइनु पर्दछ ।

(ङ) विज्ञान र प्रविधिको प्रयोग गरी जन्माएका टेस्टुब बेबी, कानूनी बाबु, भाडाको कोख (Surrogacy) तथा धर्मपुत्र, पुत्रीको तथा लिभिङ्ग टुगेदरबाट जन्मिएका बच्चाको नागरिकताको सम्बन्धमा पनि अध्ययन अनुसन्धान गरी कस्तो प्रकारको नागरिकता कानून बनाउने भन्ने विषयमा नीति तय गर्न सुझाव पेश गर्ने ।

(च) कस्तो अवस्थामा राज्यले कुनै पनि नागरिकको नागरिकता खारेज गर्ने वा नागरिकता समाप्तिका आधारका  विषयमा पनि अध्ययन गरी सुझाव पेश गर्ने ।

(छ) नेपालको भौगोलिक अवस्थिति, भूराजनीतिक र आर्थिक अवस्था तथा अव्यवस्थित सिमानालाई दृष्टिगत गरी नेपालको नागरिकता नीति कस्तो हुनु पर्दछ भनी अध्ययन गरी प्रतिवेदन पेश गर्ने ।

२. नेपालको नागरिकता नीति तयार गरी नेपालको संविधान (२०७२), भाग चार (४) को राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत नेपालको नागरिकता नीति पनि तत्काल समावेश गर्ने कार्य गरियोस् ।

३. आधार वर्षको सम्बन्धमा कानूनी अन्योल रहेको छ । यसको लागि सम्वत् २०६३ साल कार्तिक २३ गतेको आठ राजनीतिक दलको राजनीतिक सहमति, नेपाल नागरिकता ऐन, २०६३ को दफा ४ र नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ (५) मा उल्लेख भएबमोजिम सम्वत् २०४६ साल चैत्र मसान्तलाई आधार वर्ष मानिएको छ । यसै बमोजिम नेपाल नागरिकता ऐन, २०६३ को दफा ४ र नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ (५) मा भएका प्रावधानलाई कडाईपूर्वक पालना हुने गरी आधार वर्ष सम्वत् २०४६ साल चैत्र मसान्त हो भन्ने सम्बन्धमा स्पष्ट संवैधानिक व्यवस्था अविलम्ब गरियोस् ।

४. नेपालको राष्ट्रियता कमजोर हुनुमा खुला सिमाना पनि हो भन्ने हाम्रो ठहर छ । खुला सिमानालाई व्यवस्थित बनाउने र नियमन गर्ने कार्य शीघ्र थालनी गरियोस् ।

५. नेपालको संविधान (२०७२) ले अङ्गीकार नगरेको तर नागरिकताको प्रमाणपत्रलाई ओझेलमा पारी वितरण गर्न थालिएको राष्ट्रिय परिचय पत्र नेपालको राष्ट्रिय हित विपरित छ भन्ने हाम्रो बुझाई छ । तसर्थ  यसको उद्देश्य र महत्वको बारेमा गहन अध्ययन गरिनु पर्दछ । अध्ययनबाट प्रतिवेदन प्राप्त भएपछि मात्र राष्ट्रिय परिचय पत्रको कार्य अगाडि बढाउने वा नबढाउने भन्ने सम्बन्धमा निर्णय लिनु पर्दछ । हाललाई राष्ट्रिय परिचयपत्र वितरण कार्य तत्काल स्थगित गरिनु  पर्दछ ।

६. नेपालका विभिन्न भागमा रहेका वादी, सदा, मुसहर, डोम, चमार झाँगड, खत्वे लगायतका सीमान्तकृत  समुदाय तथा अन्य समुदाय भए सो सहित के कति व्यक्तिहरु नागरिकताबाट बञ्चित छन् सोको अध्ययन गरियोस् र आँकडा सार्वजनिक गरियोस् ।

७. राउटे लगायतका यस्तै फिरन्ते समुदायले नागरिकता प्रमाण पत्र लिएका छन् वा छैनन्, यस्ता अन्य समुदाय पनि छन् कि सोको अध्ययन गरी यथार्थ आँकडा सार्वजनिक गरियोस् ।

८. वृद्ध अवस्थामा पुगेका वास्तविक केही नेपाली ज्येष्ठ नागरिकहरुले नेपालको नागरिकता पाउन सकेका छैनन् भन्ने सुन्नमा आएको छ, सोको यथार्थ अध्ययन गरी आँकडा सार्वजनिक गरियोस् । यदि यस्तो अवस्था छ भने निजहरुलाई तत्काल नागरिकता प्रदान गर्ने प्रबन्ध गरियोस् ।

९. बाबु वा आमाको ठेगान नभएका तर नागरिकता प्राप्त गर्न उमेर पुगेका र नपुगेका व्यक्तिहरु हाल नेपालमा कति छन् सोको तत्काल अध्ययन गरी आँकडा सार्वजनिक गरियोस् ।

१०. विदेशी पुरुषसँग विवाह गरेका नेपाली नागरिक महिलाहरुबाट  नेपालमा जन्मिएका र नागरिकता पाउन उमेर पुगेका तर नागरिकता नपाएका र नागरिकता पाउँन उमेर नपुगेका व्यक्तिहरु हाल कति छन् सोको अध्ययन गरी आँकडा तत्काल सार्वजनिक गरियोस् ।

११. रोजगारीको लागि मलेसिया तथा खाडी मुलुकमा गएर अवैध गर्भधारण गरी फर्किएका नेपाली नागरिक महिलाबाट जन्मिएका बच्चाको सङ्ख्या कति छ, अध्ययन गरी आँकडा तत्काल सार्वजनिक गरियोस् ।

१२. बाबु र आमा दुवैको ठेगान नभएका तर नागरिकता प्राप्त गर्न उमेर पुगेका र नपुगेका व्यक्तिहरुको संख्या कति छ, सोको तत्काल अध्ययन गरी आँकडा सार्वजनिक गरियोस् ।

१३. नेपालमा गैर नेपाली नागरिकको प्रवेशको लागि प्रवेषाज्ञा लगाउनु पर्छ र गैर नेपाल नागरिकले नेपालमा काम गर्नको लागि Work Permit लागू गरियोस् ।

१४. नेपालमा रहेका शरणार्थीहरुलाई नेपाली नागरिक सरहका सबै अधिकार प्रयोग गर्न सक्ने गरी परिचय पत्रको व्यवस्था गरिदैछ भन्ने कुरा सुनिदै आएको छ । यो विषयमा सरकारले तत्काल आफ्नो धारणा सार्वजनिक गर्नुपर्छ । यदि शरणार्थीहरुलाई परिचय पत्र दिने गृहकार्य गरिँदै छ भने सो कार्य तत्काल बन्द गरियोस् ।

१५. नेपालमा कुन कुन देशका नागरिकहरु शरणार्थीको रुपमा बसी रहेका छन् सोको बारेमा तत्काल अध्ययन गरी आँकडा सार्वजनिक गरियोस् । जुन जुन देशका शरणर्थी हुन् निजहरुलाई तत् तत् देशमा तत्काल फिर्ता पठाउने प्रबन्ध गरियोस् ।

१६. नेपालमा कुन कुन देशका नागरिकहरु गैर कानूनीरुपमा बसोबास गरी रहेका छन् भन्ने बारेमा अध्ययन गरी आँकडा सार्वजनिक गरिनु पर्छ । निजहरु नेपालमा बस्न चाहन्छन् भने निजहरुको प्रबेशाज्ञा कानूनीरुपमा नविकरण गरियोस् । अन्यथा जुन जुन देशका नागरिक हुन्, निजहरुलाई तत् तत् देशमा तत्काल फिर्ता पठाउने कार्य तत्काल नै गरियोस् ।

१७. देशबाट बाहिरिने तथा विदेशबाट नेपाल आउने व्यक्तिको विवरण चुस्त दुरुस्त राखी समय समयमा सोको आँकडा सार्वजनिक गरियोस् ।

१८. जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद लगायतका घटना दर्ताका कार्यलाई चुस्त दुरुस्त बनाइयोस् ।

१९. सन् १९४७ को त्रिपक्षीय सन्धि मार्फत ब्रटिश गोर्खा सेनामा भर्ती भै हाल बेलायतमा बसोबास गर्दै आएका नेपाली नागरिकहरुले बेलायती नागरिकता लिएको भएपनि उनीहरुको नेपाली नागरिकता कायम रहनु पर्ने र त्यसैगरी त्यहाँ जन्मेका उनीहरुका सन्तानले बेलायती नागरिकता प्राप्त गरेपनि नेपाली नागरिकता पनि पाउनु पर्ने भन्ने आवाज उठी रहेको सन्दर्भमा यसमा के कसो गर्नु पर्ने हो भन्ने बारेमा अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरियोस् ।

२०. विभिन्न कारणले विदेशिएका र नेपालको नागकिरता त्यागी वा नत्यागी त्यस देशको नागरिकता लिई सकेका व्यक्तिका सन्तानलाई निजले चाहेको अवस्थामा कसरी र कुन प्रकारको नेपाली नागरिकता दिन सकिन्छ वा सकिदैन, सो सम्बन्धमा अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरियोस् ।

२१. वंशजको नागरिकताको निरन्तरताको विषयमा आवाज उठान भएको छ । वंशजको नेपाली नागरिकता त्यागी वा नत्यागी अन्य मुलुकको नागरिकता प्राप्त गरेका व्यक्तिहरुको नागरिकताको निरन्तरताको लागि दोहोरो नागरिकताको कानून बनाउन सकिने हो वा होइन ? यस विषयमा अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरियोस् ।

## नेपालको संविधानलाई (दोस्रो संशोधन) गर्न बनेको विधेयक, २०७९

**प्रस्तावना** : नेपालको संविधानलाई संशोधन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा ८३ बमोजिमको संघीय व्यवस्थापिकाले यो संशोधन जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस संशोधनको नाम "नेपालको संविधान (दोस्रो संशोधन), २०७९" रहेको छ ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपालको संविधानको धारा ११ मा मा संशोधन** :

**(२.१) नेपालको संविधानको धारा ११ को उपधारा (२) को खण्ड (ख), को सट्टा देहायको उपधारा (२) (ख), राखिएको छ :-**

"(२) (ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु र आमा नेपालको नागरिक रहेछन् भने त्यस्तो व्यक्ति ।"

**(२.२) नेपालको संविधानको धारा ११ को उपधारा (३) को सट्टा देहायको उपधारा (३) राखिएको छ :-**

"(३) संवत् २०७२ साल असोज ३ गतेभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् र निजको जन्म नेपाल भित्र भई, नेपालमा स्थायी बसोबास गरी रहेको छ भने निजको उमेर सोऱ्ह वर्ष पूरा भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।"

**(२. ३) नेपालको संविधानको धारा ११ को उपधारा (४) को सट्टा देहायको उपधारा (४) राखिएको छ :-**

"(४) नेपालभित्र करीब तीन वर्षको उमेरमा फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म नेपालको अङ्गीकृत नागरिक मानिनेछ र निजले सोऱ्ह वर्ष उमेर पूरा भएपछि नेपालको अङ्गीकृत नागरिकता लिन सक्नेछ ।"

**(२.४) नेपालको संविधानको धारा ११ को उपधारा (५) कोसट्टा देहायको उपधारा (५) राखिएको छ :-**

"(५) वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नेपाली नागरिक आमा वा बाबुबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र आमा वा बाबुको पहिचान हुन नसकेको व्यक्तिले नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्नेछ।

तर अङ्गीकृत नेपाली नागरिकता प्राप्त गरेको त्यस्तो व्यक्तिको पहिला पहिचान नभएको बाबु वा आमा पछि नेपाली नागरिक रहेको ठहर भएमा त्यस्तो व्यक्तिले लिएको अङ्गीकृत नेपाली नागरिकताको विवरण अद्यावधिक गरी वंशजको नागरिकता प्राप्त गर्नेछ।"

**(२.५) नेपालको संविधानको धारा ११ को उपधारा (७) कोसट्टा देहायको उपधारा (७) राखिएको छ :-**

"(७) वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेकी नेपाली नागरिक महिलाले विदेशी नागरिकसँग विवाह गरी जन्मिएको सन्तानको हकमा निज सन्तानको जन्म नेपालमा भई नेपालमा स्थायी बसोबास गरी रहेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई नेपालको सङ्घीय कानूनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्न सकिनेछ।"

# नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक, २०७९

**प्रस्तावना:** नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा ८३ बमोजिमको सङ्घीय व्यवस्थापिकाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा संशोधनः** नेपाल नागरिकता ऐन, २०६३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को,-

**(२.१) मूल ऐनको दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-**

"(१) कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु र आमा नेपालको नागरिक रहेछन् भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ।"

**(२.२) मूल ऐनको दफा २ को उपदफा (२) खारेज गरिएको छ।**

**(२.३) मूल ऐनको दफा ३ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-**

"(३) नेपालभित्र करीब तीन वर्षको उमेरमा फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म नेपालको अङ्गीकृत नागरिक मानिनेछ र निजले सोऱ्ह वर्ष उमेर पूरा भएपछि नेपालको अङ्गीकृत नागरिकता लिन सक्नेछ।"

**(२.४) मूल ऐनको दफा ३ को उपदफा उपदफा (३) पछि देहायका उपदफा (४), (५), (६), (७) र (८) थपिएका छन्:-**

(४) उपदफा (३) बमोजिम नागरिकता प्राप्त गरेको व्यक्तिको बाबु र आमा दुवै जना पत्ता लागेमा निजले प्राप्त गरेको नागरिकता सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) निजको बाबु र आमा दुवैजना नेपाली नागरिक ठहर भएमो विवरण अद्यावधिक गरी निजको नागरिकता वंशजको आधारमा कायम गर्ने,

(ख) निजका बाबु र आमा दुवै जना विदेशी नागरिक भएको ठहर भएमा निजले प्राप्त गरेको नागरिकता खारेज गर्ने।"

"(५) संवत् २०७२ साल असोज ३ गतेभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् र निजको जन्म नेपाल भित्र भई, नेपालमा स्थायी बसोबास गरी रहेको छ भने निजको उमेर सोऱ्ह वर्ष पूरा भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।

(६) वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नेपाली नागरिक आमा वा बाबुबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र आमा वा बाबु मध्ये एकजनाको पहिचान हुन नसकेमा त्यस्तो व्यक्तिले नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्नेछ।

(७) उपदफा (६) बमोजिम नागरिकता प्राप्त गरेको कुनै व्यक्तिको पहिला पहिचान नभएको बाबु वा आमा पछि नेपाली नागरिक रहेको ठहर भएमा त्यस्तो व्यक्तिले लिएको अङ्गीकृत नेपाली नागरिकताको विवरण अद्यावधिक गरी वंशजको नागरिकता प्राप्त गर्नेछ।

**३. मूल ऐनको दफा ४ खारेज गरिएको छ।**

**४. मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ को,-

**(४.१) मूल ऐनको दफा ५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-**

"(१) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले नेपालको अङ्गीकृत नेपाली नागरिकता लिन चाहेमा वैवाहिक सम्बन्ध कायम भई, विवाह दर्ता भएपछि नेपालमा निरन्तर पाँच वर्षसम्म स्थायी बसोवास गरेपछि, नेपालको भूगोल, इतिहास, संविधान, कानून, संस्कृति लगायतका विषय समेटेर तयार गरिएको परीक्षा उतिर्ण गरी, र तोकिएबमोजिम शपथ ग्रहण गरी निजले नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ।"

**(४.२) मूल ऐनको दफा ५ को उपदफा (१) पछि देहायका उपदफा (१क), (१ख), (१ग), (१घ) र (१ङ) थपिएका छन् :-**

"(१क) उपदफा (१) बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न चाहने विदेशी महिलाले नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएको विवाह दर्ता प्रमाणपत्र तथा नेपालमा निरन्तर रुपमा स्थायी

बसोवास गरेको सम्बन्धित वडा कार्यालयको सिफारिस र आफुले विदेशी नागरिकता वा सो सरहको राष्ट्रियता जनाउने कुनै प्रमाणपत्र नलिएको भए तोकिएको ढाँचामा गरिएको स्वघोषणा र त्यस्तो नागरिकता वा प्रमाणपत्र लिएको भए परित्याग गर्ने कारबाही चलाएको प्रमाण सहित तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(१ख) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलालाई उपदफा (१) बमोजिम नागरिकता नपाएसम्मको लागि आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी तोकिए बमोजिमको अधिकारीले तोकिएको प्रक्रिया पुरा गरी स्थायी आवासीय अनुमति पत्र प्रदान गर्न सक्नेछ।

(१ग) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१ख) बमोजिम स्थायी आवासीय अनुमति पत्र लिएकी महिलाको हकमा देहायको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उपभोग गर्न नागरिकता प्रमाण पत्रको सट्टामा स्थायी आवासीय अनुमतिपत्र प्रयोग गरिनेछ र यसरी सो अनुमति पत्र प्रयोग गर्दा नागरिकता नम्बर उल्लेख गर्नु पर्ने स्थानमा त्यस्तो अनुमतिपत्रको नम्बर उल्लेख गरिनेछः-

(क) चल अचल सम्पत्ति आर्जन गर्न, भोग गर्न, बेचबिखन गर्न, व्यावसायिक लाभ प्राप्त गर्न र सम्पत्तिको अन्य कारोबार गर्न,

(ख) पेशा गर्न, उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्न,

(ग) जन्म, विवाह, नाता प्रमाणित, सम्बन्ध विच्छेद, बसाईसराई, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ता गर्न,

(घ) सेवाग्राहीको हैसियतले कानून बमोजिमका निकायबाट प्राप्त गर्ने सुविधा, छुट जस्ता सेवा उपयोग गर्न,

(ङ) कुनै पनि शैक्षिक संस्थामा अध्ययन गर्न, प्रमाणपत्र प्राप्त गर्न र अन्य आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार प्राप्त गर्न,

(१घ) यस उपदफा बमोजिम प्राप्त गरेको स्थायी आवासीय अनुमति पत्र यस ऐन बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्दा सम्बन्धित कार्यालयमा फिर्ता बुझाउनु पर्नेछ।

(१ङ) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले उपदफा (१) बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्ने अवधि भन्दा अघि निजको सम्बन्ध विच्छेद भएमा वा पतिको मृत्यु भएमा समेत त्यस्ता महिलालाई सो उपदफा बमोजिम अङ्गीकृत नागरिकता प्रदान गर्न सकिनेछ।"

**(४.३) मूल ऐनको दफा ५ को उपदफा (२) को सट्टामा देहायबमोजिमको उपदफा (२) राख्ने।**

"(२) वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेकी नेपाली नागरिक महिलाले गैर नेपाली नागरिकसँग विवाह गरी जन्मिएको सन्तानको हकमा निज सन्तानको जन्म नेपालमा भई नेपालमा स्थायी बसोबास गरी रहेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्न सकिनेछ।"

**(४.४) मूल ऐनको दफा ५ को उपदफा (४) को खण्ड (छ) पछि देहायबमोजिमको खण्ड (ज) थप गर्ने :**

"(ज) नेपालको भूगोल, इतिहास, संविधान, कानून, संस्कृति लगायतका विषय समेटेर तयार गरिएको परीक्षा उतिर्ण गरेको।"

**५. मूल ऐनमा दफा ७क. थपः मूल ऐनको दफा ७ पछि देहायको दफा ७क. थपिएको छः-**

"७क. **गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्नेः** (१) विदेशी मुलुकको नागरिकता प्राप्त गरी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनको सदस्य राष्ट्रबाहेकका देशमा बसोबास गरेको र साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने गरी गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गैर आवासीय नेपाली नागरिकता लिन चाहने व्यक्तिले देहायका कागजात संलग्न राखी तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछः-

(क) निवेदन दिने व्यक्ति वा निजको बाबु वा आमा, बाजे वा बज्यै साविकमा नेपालको नागरिक रहेको प्रमाण,

(ख) सम्बन्धित व्यक्तिले साबिकमा नेपालको नागरिकता लिएको भए सो नागरिकता त्याग गरेको प्रमाण,

(ग) विदेशी मुलुकको नागरिकता भएको प्रमाण,

(घ) दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनका सदस्य राष्ट्रबाहेकको देशमा बसोबास गरेको प्रमाण,

(ङ) नेपालको संविधान र कानूनको परिपालना गर्ने प्रतिबद्धतापत्र सहित गरिएको शपथ ग्रहण।

(३) साविकमा नेपालको नागरिकता लिई नागरिकताको प्रमाणपत्र फिर्ता नबुझाएको व्यक्तिले गैर आवासीय नेपाली नागरिकताको लागि उपदफा (२) बमोजिम निवेदन दिँदा निजले पहिले लिएको नेपाली नागरिकताको प्रमाणपत्र फिर्ता बुझाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपछि तोकिएको अधिकारीले आवश्यक सबुद प्रमाण बुझी निजलाई तोकिए बमोजिम गैर आवासीय नेपाली नागरिकता दिनेछ।

(५) उपदफा (४) बमोजिम गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने व्यक्तिलाई तोकिए बमोजिम शपथ गराउनु पर्नेछ।

(६) यस दफा बमोजिम गैर आवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिले झुट्टो विवरण दिई त्यस्तो नागरिकता प्राप्त गरेमा वा निजले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा राष्ट्र हित विपरीत कार्य गरेको ठहरेमा नेपाल सरकारले त्यस्तो व्यक्तिले प्राप्त गरेको गैर आवासीय नेपाली नागरिकता रद्द गर्नेछ।

(७) यस दफा बमोजिम गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न निवेदकले नेपालको भूगोल, इतिहास, संविधान, कानून, संस्कृति लगायतका विषय समेटेर तयार गरिएको परीक्षा उतिर्ण गर्नु पर्नेछ।"

**६. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को,-**

(६.१) मूल ऐनको दफा ८ को उपदफा (१) को खण्ड (क) मा रहेको "**वा आफ्नो**" भन्ने शब्दहरु र प्रतिबन्धात्मक बाक्यांश झिकिएको छ।

(६.२) मूल ऐनको दफा ८ को उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) नेपालको नागरिक बाबु वा आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबु वा आमाको पहिचान हुन नसकेको व्यक्तिको हकमा निजको बाबु वा आमाको पहिचान हुन नसकेको

वा गराउन नमिल्ने व्यहोराको निज र निजको बाबु वा आमाले तोकिए बमोजिमको ढाँचाको फाराममा गरेको स्वघोषणायुक्त सहिछाप,

तर निवेदन दिँदाका बखत त्यस्तो व्यक्तिको बाबु वा आमाको मृत्यु भइसकेको वा होस ठेगानमा नरहेको अवस्थामा सोको प्रमाणसहित निवेदकले तोकिए बमोजिमको ढाँचाको फाराममा गरेको स्वघोषणायुक्त सहिछाप संलग्न गर्नु पर्नेछ।"

**(६.३) मूल ऐनको** दफा ८ को **उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः-**

"(ग) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालभित्र करीब तीन वर्ष भित्र फेला परेको र पितृत्व र मातृत्व ठेगान नभएको देहायको व्यक्तिको हकमा देहायका कागजातः-
(१) बालमन्दिर, अनाथालय जस्ता नेपाल सरकारद्वारा मान्यताप्राप्त संस्थामा हुर्केको भए त्यस्तो संस्थाको सिफारिस र सोको आधारमा सम्बन्धित स्थानीय तहले गरेको सिफारिस,
(२) कानूनी संरक्षकद्वारा हुर्काइएको भए त्यस्तो संरक्षकले गरेको सनाखत सहित निजको नागरिकताको प्रमाणपत्र र सम्बन्धित स्थानीय तहको सिफारिस,
(३) अन्य तरिकाले हुर्केको भए सम्बन्धित स्थानीय तहको सिफारिस।"

**(६.४) मूल ऐनको दफा ८ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-**

"(१क) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (४) (क), (५) र (७) बमोजिम नागरिकताको प्रमाणपत्र लिन निवेदन दिँदा बाबु र आमा दुवैको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ।"

**(६.५) मूल ऐनको दफा ८ को उपदफा (२) खारेज गरिएको छ।**

**(६.६) मूल ऐनको दफा ८ को उपदफा (३) मा रहेका "वा (२)" भन्ने शब्दहरु झिकिएका छन्।**

**(६.७) मूल ऐनको दफा ८ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-**

"(३क) उपदफा (१) को खण्ड (क) बमोजिमको प्रमाण पेश हुन नसकेमा तोकिएको अधिकारीले परिवारको सदस्यलाई सम्बन्धित कार्यालयमा उपस्थित हुन म्याद जारी गरी झिकाई सनाखत गर्न लगाउनु पर्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "परिवारको सदस्य" भन्नाले बाबु, आमा, पति, पत्नी, हजुरबुबा, हजुरआमा, दाजु, दिदी, काका, काकी, जेठाजु, जेठानी दिदी, देवर, देवरानी सम्झनु पर्छ।"

**(६.८) मूल ऐनको दफा ८ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-**

"(४) कुनै व्यक्तिले उपदफा (१) बमोजिमको प्रमाण पेश गर्न नसकेमा वा दफा (३क) बमोजिम परिवारको सदस्यबाट सनाखत हुन नसकेमा तोकिएको अधिकारीले स्थलगत सरजमिन गरी निवेदकलाई चिन्ने सोही वडामा बसोबास गर्ने कम्तीमा दुई जना नेपाली नागरिकताको प्रमाणपत्र लिईसकेको व्यक्ति र सम्बन्धित स्थानीय तहको कम्तीमा एक जना पदाधिकारी वा सदस्यले सरजमिनस्थलमा नै गरेको सनाखत, सम्बन्धित वडा समिति र नजिकको प्रहरी कार्यालयले गरेको सिफारिसको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सक्नेछ।"

**७. मूल ऐनमा दफा ८क. थपः मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छः-**
"**८क. पहिचान सहितको नागरिकता दिनेः** यस ऐन बमोजिम दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा तोकिए बमोजिम लैङ्गिक पहिचान समेत खुलाउनु पर्नेछ।"

**८. मूल ऐनको दफा २१ मा संशोधनः मूल ऐनको दफा २१ को उपदफा (३) पछि देहायका उपदफा (३क) र (३ख) थपिएका छन्ः-**

(३क) कसैले झुट्टा विवरण दिई दफा ७क. बमोजिम गैर आवासीय नेपाली नागरिकता लिएमा तीन महिनादेखि एक वर्षसम्म कैद वा पच्चीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ। झुट्टो विवरण दिई गैर आवासीय नेपाली नागरिकता प्राप्त गरे बापत यस उपदफा बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको गैर आवासीय नेपाली नागरिकता स्वतः रद्द हुनेछ।

(३ख) कुनै व्यक्ति मनासिब कारण बेगर दफा ८ को उपदफा (३क) बमोजिम जारी गरिएको म्यादमा उपस्थित नभएमा तीन महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।"

**बोधार्थ**

१. राष्ट्रपतिको कार्यालय, शितल निवास, काठमाडौं।

२. सभामुख, प्रतिनिधि सभा, सिंहदरबार, काठमाडौं।

३. अध्यक्ष, राष्ट्रिय सभा, सिंहदरबार, काठमाडौं।

४. गृहमन्त्री, नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं।

५. संघीय संसदमा प्रतिनिधित्व गरेका र नगरेका सबै राजनीतिक दलहरु।

६. सरोकारवाल विभिन्न मन्त्रालय, आयोग र संघ संस्थाहरु।

<u>निवेदकहरु</u>

| नाम | ठेगाना | दस्तखत |
|---|---|---|
| १. अधिवक्ता एस. के. तिमिल्सिना (नागरिकता विषयमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि अनुसन्धानरत) | का. म. पा. ३१, नयाँ बानेश्वर, काठमाडौं ९८४१४९६१११ | [illegible] |
| २. ध्रुव लाल श्रेष्ठ (वरिष्ठ अधिवक्ता- | | [illegible] |
| ३. युवराज [illegible] | अधिवक्ता | [illegible] |
| ४. रामेश्वर राउत — | " | [illegible] |
| ५. [illegible] - | | |
| ६. भिम प्रसाद पोखरेल (नागरिकता सोधार्थी, विद्यावारिधि) | | [illegible] |

७. अर्जुन पौडेल (देशभक्त युवा नेपाल)
८. खेमराज साउद ( " )
९. विप्लव खड्का ( " )
१०. ई. सुरेश राज बज्राचार्य
११. संतोष शर्मा (अभियन्ता)
१२. धर्मपाल गुरु वशिष्ठ विश्व हिंदू म. धर्मसभा
१३. महेश्वर श्रेष्ठ (ललितपुर मनपा-१०, ज्वागल)
१४. रत्न लाल वैद्य
१५. केशवसिंह
१६. गोविन्द खतिवडा 9808024898
१७. श्री. डा. राम बस्नेत 9851084278
१८. अनिता थोमी
१९. ओम प्रसाद रेग्मी 9849049097,
२०. डा. सुरेश वाग्ले (अधिवक्ता) 9849932338
9866280787
२१. अ. स्वागत नेपाल 9851017710
२२. कोपिला अधिकारी अधिवक्ता 9861582450
२३. शान्ति कुइँकेल अधिवक्ता 9841142364
२४. लक्ष्मण घिमिरे अभियन्ता 9841991005
२५. गणेश प्रसाद अर्याल (अधिवक्ता) 9841303251
२६. सुशील नेपाल 98413762[illegible]
२७. ई. राम भक्त खाडे 9851227541
२८. सतीश शर्मा 9857631889
२९. तारा बराल 9845084925
३०. संजु कार्की गिरी 9868198856